**<u>देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :</u>**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ७/१९-२०७५।०१।०९ को प्रस्ताव प्रदेश आकस्मिक कोष विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम स्वीकृति दिने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ७/२०-२०७५।०१।०९ को प्रस्ताव गाउँ सभा, नगर सभा तथा जिल्ला सभा सम्वन्धमा व्यवस्था गर्न विधेयक तर्जुमाकोलागि सैद्धान्तिक सहमति प्रदान गर्ने सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम सहमति प्रदान गर्ने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ७/२१-२०७५।०१।०९ को प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।.

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ७/२२-२०७५।०१।०९ को स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ७/२३-२०७५।०१।०९ को प्रस्ताव स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ उपर आवश्यक अध्ययन गरि परिमार्जन गर्नुपर्ने भए परिमार्जन गरि मन्त्रिपरिषद्को आगामि वैठकमा पेश गर्न मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने ।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ७/२४-२०७५।०१।०९ को मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक सुविधा सम्वन्धमा व्यवस्था गर्न विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ७/२५-२०७५।०१।०९ को विनियोजन विधेयक, २०७५ र चालु आ.व. २०७४।०७५ को वजेट प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

८. माननीय मुख्यमन्त्रीबाट ठाडो प्रस्तावको रुपमा प्रस्तुत नेपाल सरकारबाट आगामी आ.ब. २०७५।०७६ मा प्रस्तुत हुने नीति तथा कार्यक्रममा प्रदेश नं. ७ को विषयवस्तु समावेश गरी पठाउन आवश्यक छलफल भयो ।